# धुलिखेल नगरपालिकाको आर्थिक ऐन, २०७४

**धुलिखेल नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** धुलिखेल नगरपालिकाको आर्थिक वर्ष २०७४/७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम धुलिखेल नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७४” रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि धुलिखेल नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** बक्यौता रकम असुल गर्ने प्रयोजनको लागि नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा लिए दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ । वहाल सम्झौतामा अर्को व्यवस्था भएकोमा वाहेक वहाल कर तिर्ने दयित्व घर/जग्गा धनिको हुने छ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ज्याफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ज्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **जग्गा प्लटिङ्ग** : नगरपालिकाले कानुनले तोके बमोजिमको प्रक्रिया पुरा गरि जग्गा प्लटिङ्ग गर्दा लाग्ने शुल्क अनुसूची (१५) बमोजिम हुनेछ । साथै नगरपालिकाको प्रक्रिया पुरा गरि प्लटिङ्गको परमिट तथा घडेरी खार्ने तथा पुर्ने अनुमति प्रदानको गर्ने शुल्क समेत सोही अनुसूची बमोजिम हुनेछ ।

१६. **नक्सा पास सम्बन्धमा** : नगरपालिका क्षेत्र भित्र नक्सा पास गर्दा लाग्ने दस्तुर अनुसूची (१६) वमोजिम लगाईने तथा असुल उपर गरिनेछ ।

१७. **सरसफाई शुल्क** :नगरपालिका क्षेत्र भित्र सरसफाई सेवा दिए वापतको सरसफाई शुल्क अनुसूची (१७) वमोजिम लगाईने तथा असुल उपर गरिने छ ।

१८. **भाडा दस्तुर** : नगरपालिकाले दिने अन्य सेवाहरुको भाडा दर अनुसूची (१८) वमोजिम लगाईने तथा असुल उपर गरिने छ |

१९. **दण्ड जरिवाना** : नगरपालिकाले स्वीकृत गरेको कानुनको उल्लङ्घन गर्ने व्यक्ति वा संस्थालाई अनुसूची (१९) बमोजिम दण्ड वा जरिवाना गरिने छ |

२०. **राजश्व अभिवृद्धि सम्बन्धी योजना** : नगरपालिकाले आन्तरिक आय अभिवृद्धिको लागि राजश्व अभिवृद्धि सम्बन्धी योजना कर्यान्वयन गर्दा अनुसूची (२०) वमोजिमका क्रियाकलाप संचालन गरिने छ |

२१. **सङ्कलित रकमको राजश्व बाडफाड :** नेपालको संबिधान, सघीय कानुन तथा प्रदेशको कानुन बमोजिम तथा केन्द्रीय सरकारको निर्देशन बमोजिम सङ्कलित रकमको बाडफाड गर्नु पर्ने भएमा सोहि बमोजिम गरिने छ |

२२. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई सामान्यतया कुनै पनि किसिमको कर छुट दिईने छैन । सहज सेवा प्रदान गरी नियम सम्मत छुट लिन चाहने सेवाग्राहीह हरुलाई अनुसूची (१४) वमोजिम कर छुट प्रदान गरिने छ | यस अतिरिक्त कर छुट दिनु पर्दा नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी कर छुट दिनु पर्ने र नगरसभाबाट एकमुष्ट अनुमोदन तथा समर्थन गराउनु पर्ने छ |

२३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।